रुवी भ्याली गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ९** **संख्या: ५** **मितिः२०८२/१२/१४**

**भाग-२**

**रुवी भ्याली गाउँपालिकाको**

**रुवी भ्याली गाउँपालिका वडा शिक्षा समिति सम्बन्धी कार्यविधि, २०८२**

स्वीकृत मितिः२०८२/१२/१४

**प्रस्तावनाः**

धादिङ जिल्ला रुवी भ्याली गाँउपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुको सञ्चालन रेखदेख, नियन्त्रण तथा व्यवस्थापन गरी सेवा क्षेत्रका सम्पूर्ण बालबालिकाहरुलाई सहज शैक्षिक पहुँच पुर्याउन, विद्यालयमा शान्तीपूर्ण र बालमैत्री वातावरण निर्माण गार्न र सम्पूर्ण अभिभावक एंव शिक्षाका सरोकारवालाहरुलाई विद्यालय प्रति अपनत्वको भावना जागृत गराई विद्यालयको भौतिक, आर्थिक, शैक्षिक, प्रशासनिक एंव व्यवस्थापकीय पक्षको सुद्धीकरण गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने उदेश्यले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी रुवी भ्याली गाँउपालिका गाउँकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम वडा शिक्षा समिति सम्बन्धी कार्यविधि २०८२ रहेको छ।

(२) यो कार्यविधि रुवी भ्याली गाउँपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुने छ।

**२. परिभाषा**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा शिक्षा ऐन भन्नाले रुवी भ्याली गाउँपालिका शिक्षा ऐन २०२८ लाई सम्झनु पर्दछ।

(२) वडा शिक्षा समिति भन्नाले दफा ३ वमोजिम गठन भएको समिति सम्झनु पर्दछ।

**३. वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछः

(क) सम्बन्धित वडाको वडाध्यक्ष- अध्यक्ष

(ख) वडा समितिले मनोनित गरेको सम्बन्धित वडाको सदस्य महिला १ जना- सदस्य

(ग) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना महिला सहित २ जना सदस्य (प्रधानाध्यापक मध्ये बरिष्ठ शिक्षक सदस्य सचिव हुनेछ।

(घ) सम्बन्धित वडाका शिक्षा प्रेमीहरुमध्येबाट वडा समितिले मनोनित गरेका १ जना महिला सहित २ जना -सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट वडा शिक्षा समितिलेत तोकेको एक जना- सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव एक जना - सदस्य

(छ) वडा शिक्षा समितिको अध्यक्षले मनोनित गरेको शिक्षक एक जना- सदस्य

**४. वडा शिक्षा समितिको काम कर्तव्यर अधिकार देहाय बमोजिम हुनेछः**

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।

(ख) वड़ा क्षेत्र भित्र सबै बालवालिकाहरुको लागि अनिवार्य तथा निशुल्क शिक्षाको व्यवस्था गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र उत्प्रेरित गर्ने ।

(घ) विद्यालयको लागि आवश्यक साधनश्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) अभिभावक र शिक्षक विच समन्वय गर्ने गराउने ।

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(छ) विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्न वड़ा समितिमा सिफारिस गर्ने ।

(ज) वडाको शैक्षिक गुणस्तर अभिवृदिका लागि आवश्यक कार्यहरु गर्ने ।

(झ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न वडा समितिमा सिफारिस गर्ने ।

(ञ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सहयोग गर्ने ।

(ट) वडा भित्रका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठनमा समन्वय र सहजिकरण गर्ने ।

(ठ) विद्यालयलाई बालमैत्री बनाई बालमैत्री वडा निर्माणमा सहयोग पुर्याउने ।

(ड) वडामा पुस्तकालय स्थापना र सञ्चालन, गरी अनौपचारिक तथा निरन्तर सिकाईका अवसर प्रदान गर्ने वडा समितिलाई सिफारिस गर्ने ।

(ढ) सामुदायिक सिकाई केन्द्र सञ्चालन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्ने ।

(ण) संस्थागत विद्यालयले नियमानुसार वितरण गर्ने छात्रवृत्तिको अनुगमन तथा नियमन गर्ने ।

(त) वडा भित्रका उत्कृष्ट विद्यालय तथा शिक्षकहरुलाई पुरस्कृत गर्न वडा समितिमा सिफारिस गर्ने ।

(थ) एक वडा एक नमुना विद्यालयको अवधारणा अनुसार नमुना विद्यालय विकास सम्बन्धी कार्य गर्ने ।

(द) वडा भित्रका शिक्षकहरुलाई प्रोत्साहन र नसिहतको लागि गाउँ शिक्षा समितिलाई सिफारिस गर्ने ।

(ध) गाउँ शिक्षा समिति तथा वडा समितिको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

(न) वडा शिक्षा समिति आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

(प) कम्तीमा ३ महिनामा एक चोटी अनिवार्य रुपमा वडा शिक्षा समितिको बैठक बस्नु पर्नेछ । आवश्यकता अनुसार थप बैठक बस्न सक्नेछ ।

(फ) वडा शिक्षा समितिका मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

आज्ञाले,

छोईसाङ तामाङ

प्रमुख प्रशासकीय अधिकृत